श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको

## सूचना

श्री ५ को सरकारले निजामती सेवा नियमावली, २०२१ को नियम ७क २ को उप-नियम (१) ले दिएको अधिकार प्रयोग गरी नेपाल प्रशासन सेवा, विशिष्ट श्रेणी, अर्थ मन्त्रालयका सचिव श्री कर्णध्वज अधिकारीको पाँच वर्षको अवधि मिति २०३८।११।१३ मा समाप्त भएकोले मिति २०३८।११।१४ देखि तीन वर्षको अवधि थप गरेको छ।

आज्ञाले–
भोगेन्द्रनाथ रिमाल
श्री ५ को सरकारको मुख्य सचिव

श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको

## सूचना

शिक्षा तथा संस्कृति मन्त्रालयका सचिव श्री तेजबहादुर प्रसाई मिति २०३८।११।१३ देखि घर बिदामा बस्नु भएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका अतिरिक्त सचिव श्री रमेशजंग थापालाई सोही मितिदेखि कायम मुकायम मुकरर गरेको छ।

आज्ञाले–
भोगेन्द्रनाथ रिमाल
श्री ५ को सरकारको मुख्य सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।